http://www.ird.gov.np

# कर बुलेटिन
Tax Bulletin

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ४, अङ्क ४, २०७३ कात्तिक, Year 4, Issue 4, November 2016

## राजस्व संकलन ४५ प्रतिशतले वृद्धि

काठमाडौं। आर्थिक वर्ष २०७३/०७४ कात्तिक मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा ४५ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०७३/०७४ कात्तिक महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. ५६ अर्व ३१ करोड ५१ लाख १३ हजार रहेकोमा रु. ५५ अर्व ६१ करोड ५ लाख ७ हजार संकलन भई लक्ष्यको

२०७३/२०७४ कार्तिक र कार्तिकसम्मको प्रगति (रु हजारमा)

| शीर्षक | कात्तिक महिना सम्मको | | प्रगती प्रतिशतमा | वृद्धिदर |
|---|---|---|---|---|
| | लक्ष्य | प्रगति | | |
| आयकर | १९४१२२८८ | १८४५६६६८ | ९५ | १४९ |
| वहालकर | ९००५९० | १०८७७५२ | १२१ | १२५ |
| व्याजकर | ४०२३६३१ | ३२४३०९१ | ८१ | ११८ |
| आयकर जम्मा | २४३३६५०९ | २२७८७५११ | ९४ | १४२ |
| मू.अ.कर | १८३९१९०९ | १९२६१०६० | १०५ | १३२ |
| अन्त:शुल्क | १३०५७३२१ | १३०९३७७० | १०० | १७६ |
| शिक्षा सेवा शुल्क | २१९३११ | २०६७४५ | ९४ | १३५ |
| स्वास्थ्य सेवा शुल्क | ३१००६३ | २६१४२१ | ८४ | १३२ |
| जम्मा | ५६३१५११३ | ५५६१०५०७ | ९९ | १४५ |

तुलनामा ९९ प्रतिशतको प्रगति भएको छ । शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. २२ अर्व ७८ करोड ७५ लाख ११ हजार, मूल्य अभिवृद्धि कर रु. १९ अर्व २६ करोड १० लाख ६० हजार र अन्त:शुल्क तर्फ रु. १३ अर्व ९ करोड ३७ लाख ७० हजार संकलन भएको छ। सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ ९४ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ १०५ प्रतिशत र अन्तशुल्क तर्फ

बाँकी ५ पेजमा....

### आन्तरिक राजस्व विभाग र राजस्व अनुसन्धान विभागबीच

# सूचना आदान प्रदान गर्ने सम्झौता



सूचना आदान प्रदान गर्ने समझदारी गर्नुहुँदै आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा र राजस्व अनुसन्धान विभागका महानिर्देशक श्री निर्मलहरि अधिकारी

काठमाडौं । कर छली तथा राजस्व चुहावट नियन्त्रणका लागि सूचना आदान प्रदान गर्ने सम्बन्धमा आन्तरिक राजस्व विभागको तर्फबाट महानिर्देशक श्री चुडामणि शर्मा र राजस्व अनुसन्धान विभागका तर्फबाट महानिर्देशक श्री निर्मलहरि अधिकारीबीच समझदारी पत्रमा कात्तिक ७ गते हस्ताक्षर भएको छ । आन्तरिक राजस्व विभाग र राजस्व अनुसन्धान विभागले राजस्व चुहावट नियन्त्रण गर्ने, कर सहभागिता अभिवृद्धि गर्ने र समग्रमा राजस्व संकलन बढाउने ध्येयले आफ्नो कार्य सम्पादन गर्ने क्रममा प्राप्त गरेका राजस्व चुहावट सम्बन्धी सूचनाहरु आदान प्रदान गर्ने सम्बन्धमा दुवै पक्षबीच पारस्परिक समझदारीपत्रमा हस्ताक्षर भएको हो । समझदारी पत्रमा कर छली तथा राजस्व चुहावट सम्बन्धी अनुसन्धान गर्न प्रभावकारी समन्वय र सहकार्य गर्दै प्रचलित कानूनको परिधिभित्र रही आवश्यकताअनुसार एक आपसमा सूचना आदान प्रदान गरिने उल्लेख गरिएको छ। कर छली तथा राजस्व चुहावट सम्बन्धी जोखिमका क्षेत्रहरु पहिल्याई सोको निवारणका लागि संयुक्त वा अलग अलग रुपमा जोखिम व्यवस्थापन गरिने, आ-आफ्नो क्षेत्राधिकारका विषयहरु सुक्ष्म रुपमा अनुसन्धान तथा अन्वेषण गरी आवश्यकताअनुसार निष्कर्ष आदान प्रदान गरिने सम्झौतामा उल्लेख गरिएको छ । त्यसैगरी कर छली तथा राजस्व चुहावट नियन्त्रण सम्बन्धी कार्यमा संलग्न जनशक्तिहरुको क्षमता विकास गरिने समझदारी

बाँकी ५ पेजमा....

## यसभित्र

महानिर्देशक शर्माद्वारा विभिन्न उपसमितिहरूसँग छलफल — पृष्ठ ३

पाँचौ राष्ट्रिय कर दिवसको पूर्व सन्ध्यामा अन्तर्क्रिया कार्यक्रम — पृष्ठ ४

हाजिरी जवाफ प्रतियोगितामा सोधिएका प्रश्नहरू — पृष्ठ १०



# महानिर्देशकको सन्देश

व्यावसायिक प्रयोजनका लागि निर्माण गरिने पचास लाख रूपैयाभन्दा बढीको भवन अपार्टमेन्ट वा सपिङ कम्प्लेक्स वा विभागले तोकेको यस्तै प्रकारका अन्य संरचना मूल्य अभिवृद्धि करमा दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भएता पनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराए सरह मानी करदाखिला गर्ने गराउने तर्फ कार्यालयहरूबाट निरन्तर अनुगमन र सूचना संकलन गरी मूल्य अभिवृद्धि कर असुलीमा जोड दिन सबैको ध्यानाकर्षण गर्न चाहन्छु ।

आन्तरिक राजस्व विभागले २०७३ कार्तिक महिनासम्मको लागि तोकिएको लक्ष्य रू ५६ अर्ब ३१ करोड ५१ लाख १३ हजारमा रू ५५ अर्ब ६१ करोड ५ लाख ७ हजार संकलन गरी लक्ष्यको ९९ प्रतिशत राजस्व असुली गर्न सक्षम भएको छ । नेपालको संविधानको सफल कार्यान्वयन र संस्थागत विकासका लागि स्रोत साधनको आवश्यकता बढ्दै जाने हुंदा बढ्दो स्रोत साधनको आवश्यकता पूरा गर्न हाल विभागलाई तोकिएको राजस्व असुली प्रतिशतको वृद्धिदर मात्र पर्याप्त नहुने भएकाले थप वृद्धिदर सहितको राजस्व असुली गर्नु पर्ने माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्रीज्यू तथा सचिवज्यूहरूको निर्देशन हामीलाई प्राप्त भएको छ । माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्रीज्यू र सचिवज्यूहरूको निर्देशन बमोजिम थप वृद्धिदर सहितको राजस्व असुली हासिल गर्न कार्य योजना सहित अगाडि बढ्नु आवश्यक छ ।

शिक्षा, स्वास्थ्य तथा अन्य पूर्वाधारमा सहज पहुंचका कारण शहरी क्षेत्र लगायत राजधानीमा बसाई सराई गर्ने क्रम तीव्रं रूपमा बढ्दै गएको छ । यसरी बढ्दो बसाई सराईले राजधानी काठमाडौं लगायत मुलुकभरका प्रमुख शहरी क्षेत्रमा व्यवसायिक गतिविधि तीव्र रूपमा बढ्नुका साथै व्यावसायिक भवनको निर्माण पनि तीव्र गतिमा अघि बढिरहेको छ ।

व्यावसायिक प्रयोजनका लागि निर्माण गरिने पचास लाख रूपैयाभन्दा बढीको भवन अपार्टमेन्ट वा सपिङ कम्प्लेक्स वा विभागले तोकेको यस्तै प्रकारका अन्य संरचना मूल्य अभिवृद्धि करमा दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भएता पनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराए सरह मानी कर दाखिला गर्ने गराउने तर्फ कार्यालयहरूबाट निरन्तर अनुगमन र सूचना संकलन गरी मूल्य अभिवृद्धि कर असुलीमा जोड दिन सबैको ध्यानाकर्षण गर्न चाहन्छु ।

मूल्य अभिवृद्धि कर लागू भएको दिन मंसिर १ गते हरेक वर्ष राष्ट्रिय कर दिवस मनाउने सिलसिलामा यस वर्ष 'गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर' भन्ने मूल नाराका साथ मनाउन लागिएको पाँचौं राष्ट्रिय कर दिवस, २०७३ को तयारी अन्तिम चरणमा पुगेको छ । यस क्रममा कर सम्बन्धी विभिन्न सन्देशमूलक तथा सचेतना अभिवृद्धि गर्ने खालका अन्तर विभागीय हाजिरी जवाफ प्रतियोगिता, निवन्ध प्रतियोगिता, कविता वाचन प्रतियोगिता, अन्तर्क्रिया कार्यक्रम, करदाता तथा कर्मचारी सम्मान गर्ने कार्य अन्तर्गत राजस्व दाखिला तथा कर सहभागिताका दृष्टिले उत्कृष्ट ठहरिएका करदाताहरूको छनौट, पूर्व कर्मचारी तथा उत्कृष्ट कर्मचारीहरूको छनौट तथा अन्य आवश्यक व्यवस्थापकीय कार्य अन्तिम चरणमा पुगेको छ ।

**'गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर'** भन्ने मूल नारा सहित मनाउन लागिएको यस पांचौं राष्ट्रिय कर दिवसका अवसरमा निजी क्षेत्र व्यवसायिक तथा पेशागत संगठन, नागरिक समाज एवं आम करदातामा संस्थागत सुशासन तथा व्यवसायिक नैतिकताको प्रवर्द्धनमा जोड दिन आव्हान गर्दै पांचौं राष्ट्रिय कर दिवसको अवसरमा म सम्पूर्ण करदाताहरू, कर प्रशासनमा संलग्न सहकर्मी साथीहरू लगायत सबैलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु ।

२०७३, कात्तिक

**चुडामणि शर्मा**
महानिर्देशक


कर तिरी सभ्य नागरिकको परिचय दिऔं ।

# महानिर्देशक शर्माद्वारा विभिन्न उपसमितिहरूसँग छलफल



पाँचौं राष्ट्रिय कर दिवसको पूर्व सन्ध्यामा विभिन्न उपसमितिहरुसंग छलफल गर्नुहुँदै महानिर्देशक श्री चुडामणि शर्मा

काठमाडौं । मंसिर १ गते मनाउन लागिएको पाँचौं राष्ट्रिय कर दिवस २०७३ को पूर्व तयारीका लागि विभिन्न उपसमितिहरुबीच छलफल कात्तिक २९ गते सम्पन्न भयो । महानिर्देशक श्री चुडामणि शर्माले विभिन्न उपसमितिले सवलपूर्वक काम सम्पन्न गरेर कार्यक्रम तयारी गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो । शर्माले मंसिर ७ गते पाँचौ राष्ट्रिय कर दिवसको समापन समारोह काठमाडौंस्थित सवै कार्यालयको एकै ठाउँमा हुने बताउनुभयो । मंसिर १ देखि ७ गतेसम्म साताव्यापी रुपमा कुनै पनि कार्यालय कार्यक्रम विहिन हुन नहुने बताउनुहुँदै करमा सहभागिता वृद्धि भइरहँदा सम्मानित हुनेहरु पनि बढ्दै गइरहेको जानकारी गराउनुभयो । प्रत्येक कार्यालयलाई आफ्ना क्षेत्रका सवै जिल्लालाई समेट्ने गरी पुरस्कृत गर्न समेत उहाँको निर्देशन थियो । मंसिर १ गते विभागबाट शुरु हुने प्रभात फेरिमा समयमा नै सक्रिय सहभागिताका लागि कर्मचारीहरुलाई निर्देशन दिनुभयो ।

उपमहानिर्देशक श्री धनिराम शर्माले १५ वटा विधामा सम्मान गर्न लागिएको बताउनुहुँदै सम्मानित हुने करदाताहरुको कर सहभागिता उत्कृष्ट हुनुपर्ने तथा आर्थिक वर्ष २०७१/७२ मा आयकर दाखिलालाई आधार मानी र आर्थिक वर्ष २०७२/७३ तर्फको मूल्य अभिवृद्धि कर दाखिलालाई आधार मानेर सम्मान गर्न लागिएको जानकारी गराउनु भयो ।

अर्थ मन्त्रालयका प्रतिनिधि श्री यज्ञ ढुंगेलले मंसिर १ गते आयोजित कार्यक्रम विगतमा लामो भएकाले समयको ख्याल गरेर कार्यक्रमलाई छोटो र मिठो बनाउन सुझाव दिनुभयो ।



छलफल कार्यक्रममा सहभागीहरु



छलफल कार्यक्रममा सहभागीहरु

कार्यक्रममा विभिन्न उपसमितिहरुबाट पाँचौ राष्ट्रिय कर दिवस २०७३ सफल पार्न गरेका कामका वारेमा प्रस्तुत गरिएको थियो । जसमा विभागले सञ्चालन गरेको हाजिरी जवाफ प्रतियोगिता, कविता प्रतियोगिता, निवन्ध प्रतियोगिता लगायत मंसिर १ गते विमोचन गर्न लागिएको वार्षिक प्रतिवेदन २०७३, स्मारिका २०७३ र कर सम्बन्धी फैसला/नजिरहरुको संग्रह प्रकाशनमा भएको प्रगतिका सम्बन्धमा उपसमितिका संयोजकहरुले स्पष्ट पार्नु भएको थियो ।

नेपाल उद्योग वाणिज्य महासंघ कर राजस्व समितिका सभापति श्री सौरभ ज्योतिले साताव्यापी रुपमा मनाइने कर दिवसले करको वृद्धिमा सहयोग गर्ने र भविष्यमा आइपर्ने चुनौतिहरुको सामना कसरी गर्न सकिन्छ भनेर आफ्नो विचार व्यक्त गर्नु भएको थियो । नेपाल चेम्बर अफ कमर्सका प्रतिनिधि श्री कृष्णमान श्रेष्ठले मंसिर १ गते आयोजित कार्यक्रममा सक्रिय सहभागिता जनाउने र साता व्यापी रुपमा अन्तर्क्रिया कार्यक्रहरु सञ्चालन गर्ने जानकारी गराउनुभयो । राष्ट्रिय उद्योग व्यापार संगठनका प्रतिनिधिले कर दिवसका अवसरमा साताव्यापी कार्यक्रम सञ्चालन गरेर कर जागरण ल्याउने र करदातालाई शिक्षित बनाउने कार्यक्रम आफूहरुले राखेको जानकारी दिनुभयो ।

# पाँचौ राष्ट्रिय कर दिवसको पूर्व सन्ध्यामा अन्तर्क्रिया कार्यक्रम

काठमाडौं । आन्तरिक राजश्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले वर्तमान कर प्रणाली सन्तोषजनक भएको बताउनु भएको छ । कात्तिक ३० गते रिपोर्टर्स क्लव नेपालमा आयोजित साक्षात्कार कार्यक्रममा महानिर्देशक श्री शर्माले वर्तमान कर प्रणाली सन्तोषजनक रहेको भन्नुहुँदै करदाताहरूको संख्या पनि वृद्धि भैरहेको बताउनुभयो । उहाँले आन्तरिक राजस्व कार्यालय अहिले ३० जिल्लामा फैलिएको उल्लेख गर्नुहुँदै आगामी दिनमा यसलाई ७५ वटै जिल्लामा पुऱ्याउने आफूहरूको लक्ष्य रहेको बताउनुभयो । कार्यक्रममा महानिर्देशक शर्माले आर्थिक उदारीकरणसँगै करको दायरा पनि फराकिलो भएको जानकारी दिनुहुँदै आगामी दिनमा यसलाई अझै विस्तार गरेर लैजाने कुरामा विभाग अत्यन्तै गम्भिर रहेको धारणा राख्नुभयो । महानिर्देशक शर्माले अहिले राजश्व संकलन पनि सन्तोषजनक रहेको जानकारी गराउनुभयो । शर्माले कर चुहावट नियन्त्रण भैरहेको बताउनुहुँदै सबै कुराको भर नै कर भएकोले मुलुकको समृद्धिको लागि पनि कर तिर्नुपर्ने धारणा राख्नुभयो । महानिर्देशक शर्माले भन्नुभयो 'आर्थिक वर्ष ०७३/७४ मा कूल राजस्व संकलनको लक्ष्य रु ५ सय ६५ अर्ब रहेको छ । यो लक्ष्य पूरा गर्नको लागि राजस्व प्रशासनले काम गरिरहेको छ ।' उहाँले आन्तरिक राजश्वतर्फ २ सय ३४ अर्बको लक्ष्य भएतापनि यो भन्दा बढि नै हाँसिल गर्नेगरि काम गरिरहेको बताउनुभयो । पछिल्लो समय नेपालमा नवनिर्माण र पूर्ननिर्माणका कृयाकलापहरूले गति लिने भएकोले राजश्व संकलनमा यसले सहयोग पुऱ्याउने उहाँको विश्वास थियो । महानिर्देशक शर्माले मंसिर १ गतेदेखि मनाउन लागिएको पाँचौ राष्ट्रिय कर दिवस 'गौरवको साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर' मूल नाराका साथ देशैभरि मनाउन गैरहेको जानकारी दिनुभयो । उहाँका अनुसार करसम्बन्धी जानकारी दिन मोवाईल एप्स, एसएमएस जस्ता सफ्टवेयरको उद्घाटन गरिने जानकारी दिनुभयो । शर्माले विगतझैं यो वर्षपनि उत्कृष्ट करदाता तथा उत्कृष्ट कर्मचारीहरूलाई सम्मान गर्ने कार्यक्रम रहेको जानकारी गराउनुभयो ।

कर विज्ञ डा. रुप खड्काले कर तिर्ने कुरा महत्वपूर्ण भएको भन्दै करदाताहरूको सहभागिता बढाउनुपर्ने बताउनुभयो । खड्काले भन्नुभयो 'संसारभरि नै यो चलन चलेको छ, करको आवश्यकत्ता छ ।' उहाँले कर प्रणालीलाई सरल र सहजीकरण बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले आधुनिक कर प्रणाली स्वयं कर निर्धारणको रुपमा अघि बढिरहेको बताउनुभयो ।




कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै महानिर्देशक श्री चुडामणि शर्मा

नेपाल चेम्बर अफ कमर्शका महासचिव श्री कमलेश कुमार अग्रवालले संसारभरि नै करको महत्व अत्यन्तै प्रभावकारी रहेको भन्दै नेपालमा पनि यसको महत्व रहेको बताउनुभयो । उहाँले करलाई प्रगतिशील बनाउन सबै क्षेत्रको उतिकै ठूलो योगदान रहेको भन्दै अझै देशैभरि करमैत्री वातावरण बनाउनुपर्ने धारणा राख्नुभयो । उहाँले भन्नुभयो 'अब करको दायरा बढाउनुपर्छ, कर उद्योगी तथा व्यापारीहरूले मात्रै तिर्ने हो भन्ने मानसिकता छ, अब यसलाई परितर्वन गर्नुपर्छ ।' उहाँले जरिवानालाई परिमार्जन गर्दै शुल्क लिने व्यवस्था गर्न समेत माग गरे । उहाँले थप्नुभयो 'स-साना व्यापारीहरूलाई मार पर्छ ।' कर प्रणालीवारे सचेतना फैलाउनको लागि अझै प्रभावकारी कदम चलाउनुपर्ने बताउनुभयो । उहाँले कर तिरे वापत त्यसको अभिलेखीकरण गर्नुपर्ने समेत माग गरे ।

कार्यक्रममा नेपाल उद्योग परिसंघका उपाध्यक्ष अनुज अग्रवालले करको दायरालाई वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो । अग्रवालले भन्नुभयो 'समग्रमा नेपालको कर प्रणाली अहिले सुधार भएको छ, तर करको दायरा अझ तिव्र रुपमा बढाउनुपर्छ । उहाँले संकलित कर रकमलाई उत्पादनमुखी काममा खर्च गर्नुपर्नेतर्फ सरकारले सोच्नुपर्ने सुझाव दिनुभयो । उहाँले आर्थिक आकार बढे कर पनि बढ्ने भन्दै त्यतातर्फ समेत ध्यान दिनुपर्ने बताउनुभयो ।





राजधानीमा आयोजित कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्मा, कर विज्ञ डा. रुप खड्का र उद्यमी व्यवसायीहरु

१ पेजको बांकी...

पत्रमा उल्लेख गरिएको छ । दुवै पक्षले सूचना आदान प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्न आ-आफ्नो निकायमा सम्पर्क व्यक्ति (Focal Person) तोकिने तथा दुवै पक्षले आआफ्नो निकायमा संचालन रहेका विद्युतीय अभिलेख प्रणालीहरुमा आवश्यकताअनुसार तोकिएका पदाधिकारीहरुलाई सहज पहुँचको व्यवस्था गरिने पनि उल्लेख गरिएको छ । समझदारी पत्र २ वर्षको लागि मान्य हुने तथा आपसी समझदारीमा आवश्यकता अनुसार पुन: नवीकरण गर्न सकिने जनाइएको छ । समझदारी पत्र दुवै पक्षबाट हस्ताक्षर भएको मितिदेखि लागू हुने र दुवै पक्षबाट आपसी सूचना आदान प्रदानको अभिलेख व्यवस्थित गरी सोको वार्षिक प्रतिवेदन तयार गरी सो समेत आदान प्रदान गरिने समझदारी पत्रमा उल्लेख गरिएको छ । दुवै पक्षको सहमतिमा आवश्यकताअनुसार समझदारी पत्रमा संशोधन गर्न सकिने पनि उल्लेख गरिएको छ ।

१ पेजको बांकी...

२०७३/७४ कात्तिक र कात्तिकसम्मको प्रगति




१०० प्रतिशत हो । त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमश: रु. २० करोड ६७ लाख ४५ हजार र रु. २६ करोड १४ लाख २१ हजार संकलन भएको छ । शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ९४ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ८४ प्रतिशत संकलन भएको छ । गत वर्षको तुलनामा आयकर वृद्धिदर १४२ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर १३२ प्रतिशत, अन्तशुल्कको वृद्धिदर १७६ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर १३२ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर १३५ प्रतिशत रहेको छ ।

## नेपाल सरकार
## अर्थ मन्त्रालय
## आन्तरिक राजस्व विभागको
# मदिराजन्य र सूर्तीजन्य वस्तुको बिक्री वितरण सम्वन्धी सूचना

अन्त:शुल्क ऐन, २०५८ वमोजिम होटल तथा रेष्टुरेन्ट व्यवसायी बाहेक मदिराको कारोवार गर्ने व्यवसायीले मदिरा र सूर्तीजन्य वस्तुको मात्र कारोवार गर्न पाउने व्यहोरा सवैलाई विदितै छ । उक्त व्यवस्था एवं देहायका शर्तहरुको पूर्ण परिपालना गर्नु गराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. इजाजतपत्र लिएर मात्र सूतीर्जन्य र मदिराजन्य वस्तुको कारोवार गर्ने,
२. ऐनले तोकेको म्यादभित्र इजाजतपत्र नवीकरण गर्ने,
३. इजाजतपत्र सबैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्ने,
४. बिहान १० बजे देखि राति १० बजेसम्म मात्र मदिरा बिक्री वितरण गर्नुपर्ने,
५. अठार वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न नपाइने,
६. मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको वीजक राख्नुपर्ने
७. अन्त:शुल्क स्टीकर टांस भएका मदिराजन्य तथा सूर्तीजन्य वस्तु मात्र बिक्री गर्नुपर्ने,

अन्त:शुल्क टिकट टाँस नभएको मदिराजन्य तथा सूतीर्जन्य वस्तु खरिद बिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानून बमोजिम दण्ड जरिवाना गरिनुका साथै कसैले अन्त:शुल्क ऐन २०५८ को वर्खिलाप हुने गरी अन्य वस्तु संगै मदिराजन्य वस्तु बिक्री वितरण गरेमा पहिलो पटक रु १०,००० (दशहजार) र त्यसपछि प्रत्येक पटकको लागि रु २०,००० (विसहजार) जरिवाना हुने व्यहोरा समेत जानकारी गराइन्छ । अत: उक्त कानूनी व्यवस्थाको पूर्ण परिपालना गरी सजायवाट वचौं । कसैले यस व्यवस्था विपरित व्यवसाय गरेको देखिएमा आन्तरिक राजस्व विभाग तथा नजिकको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा जानकारी गराईदिनु हुन अनुरोध गरिन्छ ।

# कविता वाचन प्रतियोगिता सम्पन्न

काठमाडौं । पाँचौ राष्ट्रिय कर दिवस २०७३ को अवसरमा आन्तरिक राजस्व विभागले कर राजस्व एवं अर्थव्यवस्थासँग सम्बन्धित







कविता प्रतियोगितामा सहभागी विद्यार्थीहरु

सन्देशमूलक कविता वाचन प्रतियोगिता कात्तिक २९ गते सम्पन्न भएको छ । कक्षा ११ देखि स्नातकसम्म अध्ययनरत २१ जना विद्यार्थीहरु प्रतियोगितामा सहभागी थिए । उपत्यका स्तरीय सो कविता वाचन प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई आन्तरिक राजस्व विभागले मंसिर १ गते आयोजित विशेष कार्यक्रममा नगद रु २५ हजार, २० हजार र १५ हजार क्रमशः प्रदान गर्ने छ ।

# निवन्ध प्रतियोगिता सम्पन्न

काठमाडौं । पाँचौ राष्ट्रिय कर दिवस २०७३ को अवसरमा आन्तरिक राजस्व विभागले 'करः सवै कुराको भर' विषयक निवन्ध







निवन्ध प्रतियोगितामा सहभागी विद्यार्थीहरु

प्रतियोगिता कात्तिक २६ गते सम्पन्न गरेको छ । कक्षा ९ देखि १२ सम्म अध्ययनरत ४८ जना विद्यार्थीहरु प्रतियोगितामा सहभागी थिए । उपत्यका स्तरीय सो निवन्ध प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने प्रतियोगिहरुलाई आन्तरिक राजस्व विभागले मंसिर १ गते आयोजित विशेष कार्यक्रममा नगद रु २५ हजार, २० हजार र १५ हजार क्रमशः प्रदान गर्ने छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

**मूल्य अभिबृद्धि करमा दर्ता भएका व्यक्तिहरुले आफ्नो कारोवार स्थलमा मूल्य अभिबृद्धि कर सहितको प्राईस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना**

मूल्य अभिबृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिबृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो औधोगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेण्ट, बार, कारोबार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको विक्री मूल्य (ट्याग प्राईस, मेनु प्राईस र सेल्फप्राईस) मा मूल्य अभिबृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

"समृद्ध राष्ट्र निर्माण र फराकिलो कराधार, करदाता मैत्री एवं सुदृढ कर प्रणाली पूर्वाधार"

सर्वोच्च अदालत,संयुक्त इजलास
माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
फैसला : मुद्दा नं.२०७०–RB–००४४
फैसला मिति: २०७२।१०।५

## मुद्दा : मूल्य अभिवृद्धि कर (२०६३।०६४,०६४।०६५,०६५।०६६ र ०६६।०६७)

**आन्तरिक राजस्व विभाग अनुसन्धान शाखा तथा आन्तरिक राजस्व विभाग समेतका तर्फबाट ऐ.विभागमा महानिर्देशक टंकमणि शर्मा.................................................. पुनरावेदक वादी**

**विरुद्ध**

**काठमाण्डौं जिल्ला का.म.न.पा.वडा नं.२४ स्थित चोखानी इन्टरप्राइजेजका प्रोपाइटर सञ्जय चोखानी...........................................................................१ प्रत्यर्थी प्रतिवादी**

**शुरु तहमा फैसला गर्ने : मा.अध्यक्ष श्री दीपकुमार कार्की**
**मा.सदस्य श्री तारादेव जोशी**
**मा.सदस्य श्री भागिरथ इङ्नाम**
**फैसला मिति : २०६८।८।२७**

राजस्व न्यायाधिकरण काठमाण्डौंको फैसला उपर पुनरावेदनको अनुमति पाउं भनी परेको निवेदनमा यस अदालतबाट मिति २०७०।१०।१० मा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ८ को (ख) (ग) र (घ) का आधारमा पुनरावेदन गर्ने अनुमति प्रदान भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार छ :

श्री चोखानी इन्टरप्राइजेजको मूल्य अभिवृद्धि कर अवधि २०६३।०६४,०६४।०६५,०६५।०६६ र ०६६।०६७ सम्मको लागि कर, थप दस्तुर, जरिवाना र ब्याजसमेत गरी जम्मा रु.५१,७७,८६३। तिर्नु पर्ने देखिन आएको छ। उक्त रकम तिर्नु नपर्ने कुनै ठोस सवूद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ दिन भित्र पेश गर्नु भनी आन्तरिक राजस्व विभागबाट मिति २०६६।८।८ मा करदाताका नाममा प्रारम्भिक कर निर्धारण आदेश जारी भएको। आन्तरिक राजस्व विभागको मिति २०६६।८।८ को पत्रको सम्वन्धमा स्टकमा रहेको मिति २०६६।६।२ को सामानको मौज्दात भन्दा मौज्दात गणना गर्दा रु.१५,४२,७३१।४२ को सामान घटी देखिन आएको मौज्दात नलिएको भएर र कतिपय सामानको नाम मिल्दो जुल्दो भएको कारणले कुनै सामान बढी र कुनै कम मौज्दात गणना भएको छ। आ.व.२०६४।०६५ मा भाटभटेनी डिपार्टमेन्टल स्टोरलाई मूल्य अभिवृद्धि कर बाहेक रु.१,५९,०१,५०५।९२ को र मूल्य अभिवृद्धि कर समेत रु १,७९,६८,७०१। को विक्री गरेको छौं घटी बिक्री देखाएको भनिएको रु.१२,१८,७८६। मा मूल्य अभिवृद्धि कर लाग्नु पर्ने होइन, सेलवेज डिपार्टमेन्टल स्टोरलाई आ.व.२०६३।०६४, ०६४।०६५ र ०६५।०६६ मा पैठारी गरेको सामानबाट विना विल बिक्री गरेका छैनौं। सम्पूर्ण भुक्तानीलाई नै विक्री मान्नु पर्ने कुनै आधार छैन भन्ने समेत वेहोरा उल्लेख गर्दै करदाताका तर्फबाट मिति २०६६।८।२३ मा आन्तरिक राजस्व विभागमा जवाफ दर्ता गराएको रहेछ।

करदाताको तर्फबाट प्रारम्भिक कर निर्धारण आदेश परिवर्तन गर्नु पर्ने कुनै ठोस सवूद प्रमाण संलग्न हुन नआएको प्रारम्भिक कर निर्धारण आदेशमा उल्लेख भए अनुसारको कर अवधि २०६४ आषाढ, २०६५ आषाढ,२०६६ आषाढ र २०६६ आश्विनको मूल्य अभिवृद्धि कर जरिवाना, थप दस्तुर र ब्याजवापत जम्मा रकम रु.५१,७७,८६३। मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा २०(१) तथा मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम २९(३) वमोजिम अन्तिम कर निर्धारण गर्ने गरी आन्तरिक राजस्व विभाग, अनुसन्धान शाखाबाट मिति २०६६।९।१७ मा कर निर्धारण निर्णय पर्चा खडा भएको र सो बमोजिम करदाताका नाममा मिति २०६६।९।२१ मा अन्तिम कर निर्धारण आदेश जारी भएको।

मैले वास्तविक आय लुकाएको छैन। घर बहाल खर्चमात्र छुट हुन गएको हो। आ.व.(२०६३।०६४,०६४।०६५ र ०६५।०६६ को घर बहाल संझौता भएको जम्मा १३ प्रति पेश गरेको छु। स्टोरमा धेरै सामानहरू यस्तै प्रकृतिको भएकोले कतिपय सामानहरू अर्को सामानमा परेको हुन सक्छ। तर यति धेरै सामानहरू फरक नपर्नु पर्ने हो। भुलबस फरक परेको पनि हुन सक्छ भन्ने समेत व्यहोराको प्रतिवादी संजय चोखानीले आन्तरिक राजस्व विभाग अनुसन्धान शाखामा गरेको बयान।

आन्तरिक राजस्व विभागको २०६६।९।१७ को निर्णयमा चित्त नबुझी करदाताको तर्फबाट आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष मिति २०६४।१२।२१ मा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा महानिर्देशकबाट करदाताको दावी जिकिर सम्वन्धित आन्तरिक राजस्व कार्यालयको राय प्रतिक्रिया तथा सक्कल फायल संलग्न कागजातहरू अध्ययन गर्दा आन्तरिक राजस्व विभाग अनुसन्धान शाखाबाट भएको कर निर्धारणको निर्णय कानूनसम्मत् देखिएको हुंदा निवेदकको जिकिर पुग्न नसक्ने ठहर्छ भन्ने महानिर्देशकबाट मिति २०६७।२।४ मा भएको निर्णय।

आन्तरिक राजस्व विभाग अनुसन्धान शाखाको मिति २०६६।९।१७ को निर्णय र आन्तरिक राजस्व विभागमा महानिर्देशकबाट मिति २०६७।२।४ मा भएको निर्णय त्रुटीपूर्ण र अन्यायपूर्ण भएको हुंदा उक्त निर्णय बदर गरी इन्साफ पाउं भनी करदाताको तर्फबाट राजस्व न्यायाधिकरणमा मिति

२०६७।२।९ मा परेको पुनरावेदनपत्र ।

यसमा स्टक खातामा घटी हुन गएको सामानलाई बिक्री गरेको भनी सोमा मूल्य अभिवृद्धि कर निर्धारण गर्ने गरेको शुरु कार्यालयको निर्णय फरक पर्न सक्ने भएकोले अ.व. २०२ नं. बमोजिम छलफलको लागि सरकारी वकिल, आन्तरिक राजस्व विभागलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने मिति २०६७।५।११ को राजस्व न्यायाधिकरणको आदेश ।

Assorted Candies Toffees Hard र Assorted Candies Toffees एउटै नाम भएको कारणले कुनै सामान घटी र कुनैबढी भएपनि कुल परिणाम मिल्न आउँछ। सामानको गणना गर्दा पुनरावेदक करदातालाई राखी गणना गरेको देखिदैन । आन्तरिक राजस्व विभागले स्टकमा रहेको सामानको बढी स्टक देखिएको भनी बढी कर असूल गर्नु भनेको आधारमा करदाताले स्टक शीर्षक अन्तर्गत बढी बिक्री गरी बिक्री लुकायो भन्ने अनुमानका आधारमा स्थापित हुँदैन। अनुमानका आधारमा बिक्री कायम गरी करदाताबाट थप कर लिने भनी गरेको निर्णय मिलेको देखिदैंन । चोखानी इन्टरप्राइजेज र सामान खरिद कर्ता भाटभटेनी डिपार्टमेन्टल स्टोर पार्टीवाइजले देखाएको लेखालाई मात्र आधार लिई अनुमानमा आधारमा बिक्री लुकाएको भनी थप कर जरिवाना दिने भनी गरेको निर्णय मिलेको देखिदैन । तसर्थ मूल्य अभिवृद्धि कर निर्धारण गर्ने गरी भएको आन्तरिक राजस्व विभाग अनुसन्धान शाखाको मिति २०६६।९।१७ को निर्णय र सो निर्णयलाई समर्थन गरेको आन्तरिक राजस्व विभागको मिति २०६७।२।४ को निर्णय मिलेको नदेखिंदा उल्टी हुने ठहर्छ भन्ने राजस्व न्यायाधिकरण काठमाण्डौको मिति २०६८।८।२७ को फैसला ।

राजस्व न्यायाधिकरण काठमाण्डौको उक्त फैसलामा चित्त बुझ्नेन करदाताको स्टक मौज्दात गणना गरी स्टक बुकसंग भिडाउंदा घटी पाइएको र विभिन्न समानहरू स्टक बुकमा रहेको मौज्दात भन्दा बढीमूल्यको मौज्दात रहेको प्रष्ट देखिन्छ । करदाताले यस्तै प्रकृतिका सामानहरू एक अर्कोमा गणना भई संख्या फरक परेको जिकिर लिए पनि निज स्वयंको उपस्थितिमा स्टका मौज्दात गणना गरी तयार गरिएको विवरणमा विपक्षी स्वयंको सहि दस्तखत परेको छ । आफ्नो अनुपस्थितिमा स्टक गणना भएको भन्ने विपक्षीको भनाई निराधार छ । विपक्षी करदातासंग सामान खरिद गर्ने भाटभटेनी डिपार्टमेन्टल स्टोर को आ.व.०६४।०६५ को पार्टीवाइज खरिद विवरणमा बढी रकमको सामान खरिद गरेको देखिन्छ । सो विवरणलाई छलेर करदाताले घटी बिक्री देखाएको मिसिल संलग्न प्रमाणबाट प्रष्ट भएको छ । झुठा विवरण पेश गरेको अवस्थामा कर निर्धारण भई थप दायित्व सिर्जना भएको करदाताले उक्त दायित्व बहन गर्नुपर्छ । विपक्षी करदाताले सेललेज डिपार्टमेन्टल स्टोरलाई आ.व.२०६३।०६४ र ०६५।०६६ मा जुन परिमाणमा सामान बिक्री गरेको हो सो भन्दा घटी बिक्री देखाएको छ। कारदाताले उक्त स्टोरबाट बढी रकम भुक्तानी लिएको देखिंदा झुठा विवरण पेश गरी कर छलेको प्रष्ट देखिएको अवस्थामा राजस्व न्यायाधिरणको फैसला उल्टी गरी आन्तरिक राजस्व विभाग अनुसन्धान शाखाको मिति ०६६।९।२९ को निर्णय र सो निर्णयलाई सदर गरेको आन्तरिक राजस्व विभागको मिति २०६७।२।४ को निर्णय सदर कायम गरिपाउं भन्ने आन्तरिक राजस्व विभाग अनुसन्धान शाखा तथा आन्तरिक राजस्व विभागका तर्फबाट पर्न आएको निवेदन ।

मिसिल संलग्न मिति २०६६।६।१,२०६६।६।२ र २०६६।६।४ का मौज्दात विवरणका प्रमाणबाट स्टोरमा रहेको सामानको गणना गर्दा विपक्षी करदाता संजय चोखानीलाई रोहवरमा राखी निजले दस्तखत गरेको देखिएकोले करदातालाई रोहवरमा नराखिएको भनी राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ८ को देहाय (ख)(ग) र (घ) का आधारमा पुनरावलोकन गर्ने अनुमति दिइएको छ भन्ने यस अदालतको मिति २०७०।१०।१० को आदेश ।

नियम बमोजिम पेशीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश भएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवालीले करदाताको स्टक मौज्दात गणना गरी स्टक बुकसंग तुलना गर्दा सामान घटी पाइएको र विभिन्न सामानहरू स्टक बुकमा रहेको मौज्दात भन्दा बढी मूल्यको सामान मौज्दात रहेको देखिएको छ। स्टक मौज्दात सामानहरू करदाताको रोहवरमा गणना गरिएको हो भाटभटेनी डिपार्टमेन्टल स्टोर सेलवेज डिपार्टमेन्टल स्टोरमा रहेको सामान भन्दा घटी सामान बिक्रि गरेको भनी कर छली गरेको प्रष्ट देखिएको अवस्थामा राजस्व न्यायाधिकरणको त्रुटिपूर्ण फैसला उल्टि गरी आन्तरिक राजस्व विभाग अनुसन्धान शाखा तथा राजस्व न्यायाधिकरण काठमाण्डौको निर्णय सदर गरिपाउं भनी बहस गर्नुभयो ।

विपक्षका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री कोपिल प्रसाद अधिकारीले स्टक मौजदातमा रहेको सामानहरूको एउटै नाम भएको तर कुल परिमाण मिल्न आएको छ । स्टकमा रहेको सामान गणना गर्दा करदातालाई रोहवरमा राखी गणना गरिएको छैन । करदाताले सामान बढी बिक्री गरी बिक्री लुकाई कर छलेको मिसिल प्रमाणबाट देखिदैन। चोखानी इन्टरप्राइजेजबाट सामान खरिद कर्ता भाटभटेनी डिमार्टमेन्टल स्टोरले खरिद गरेको सामानको पार्टीवाइज देखाएको लेखालाई आधार मान्न मिल्दैन । त्यसै गरी सेलवेज डिपार्टमेन्टल स्टोरलाई बढीसामान बिक्री गरेकोमा घटी देखाइएको वा सेलवेज डिपार्टमेन्टल स्टोरबाट बढी रकम प्राप्त गरेको भन्ने अनुमानका आधारमा थप रकम प्राप्त गरेको भनी ठहऱ्याउन मिल्दैन। राजस्व न्यायाधिकरण काठमाण्डौबाट मिसिल संलग्न प्रमाण र कानूनको विवेचना गरी भएको फैसला कानूनसम्मत् भएकोले सो फैसला सदर गरिपाउं भनी बहस गर्नु भयो ।

विद्वान कानून व्यवसायीहरूको उपर्युक्त बमोजिमको बहस जिकिर समेत सुनी राजस्व न्यायाधिकरण काठमाण्डौले गरेको फैसला मिलेको छ छैन, पुनरावेदन जिकिर पुग्न सक्ने हो,होइन सो सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो ।

निर्णयतर्फ विचार गर्दा, आन्तरिक राजस्व विभाग कार्यालय काठमाण्डौं २ ले चोखानी इन्टरप्राइजेजलाई मिति २०६६।८।८ मा च.नं.४३१ को प्रारम्भिक कर निर्धारण आदेश अनुसार १५ दिन भित्र रु.५१,७७,८६३।

नेपाल सरकारको सर्वसंचित कोषमा दाखिला गर्न पत्राचार गरेको देखियो । सो अवधिभित्र उक्त रकम दाखिला नभएकोले पुनः आन्तरिक राजस्व विभागले च.नं.५२४ मिति २०६६।९।२१ मा कर निर्धारण भएको अवधि २०६३।०६४, ०६४।०६५, ०६५।०६६ को कर निर्धारण ऐनको दफा २०(१) तथा नियमावलीको नियम २९(३) संग सम्वन्धित रही पेश गर्नु भएको जवाफ तथा प्रमाण कागजातहरूको मूल्याकंन गर्दा रु.५१,७७,८६३। तिर्नुपर्ने देखिन आएको छ । उक्त रकम यो आदेश जारी भएको मितिले १५ दिनभित्र नेपाल सरकारको सर्वसंचित कोषमा दाखिला हुने गरी एभरेष्ट बैंक बबरमहलमा दाखिला गर्नुहोला भनी अन्तिम कर निर्धारण आदेश भएको मिसिल संलग्न पत्रबाट देखिन्छ। मैले वास्तविक आय लुकाएको छैन । घर बहाल संझौता भएको जममा १३ प्रति पेश गरेको छु। स्टोरमा धेरै सामानहरू एस्तै प्रकृतिको भएकोले कतिपय सामानहरू अर्को सामानमा परेको हुन सक्छ। तर यति धेरै सामानहरू फरक नपर्नु पर्ने हो । भुलवश फरक परेको पनि हुन सक्छ भनी प्रतिवादी संजय चोखानीले बयानको स.ज. १० र ११ मा उल्लेख गरेको देखिन्छ। स्टकको विवरण अनुसार स्टक बुकमा उल्लेख भएको मौज्दात भन्दा रु.९,१५,५८८,१३ मूल्यको बढी सामान मौज्दात भएको देखियो । प्रत्यर्थी चोखानी इन्टरप्राइजेजको मुख्य कार्यालय ललिता मानन्धरको घरमा रहेको र यस इन्टरप्राइजेजको अन्य गोदामहरू कमलपोखरी स्थित विभिन्न व्यक्तिहरूको घरमा रहेको देखिन्छ । उक्त गोदाममा रहेको मौज्दात स्टक सामानहरूको मिति २०६६।६।१, मिति २०६६।६।२ र मिति २०६६।६।४ मा भएको गणना विवरण प्रत्यर्थी संजय चोखानीको रोहवरमा तयार भएको र निजले प्रत्येक गणना विवरणमा हस्ताक्षर गरेको मिसिलबाट देखिन्छ। गोदाममा कतिपय सामानहरू स्टक बुक भन्दा घटी रहेको देखिएको छ भने केहि सामानहरू बढी रहेको देखिन्छ। आफु रोहवरमा रही मौजुदा सामान गणना ठीक छ भनी सहीछाप गरेको र पछि आएर यति धेरै परिमाणमा सामानको गणनामा फरक नपर्नुपर्ने हो, उस्तै प्रकृतिका सामानहरू भएकोले एकको सामान अर्को परेको हुन सक्छ भनी सामानहरू फरक परेको तथ्यलाई प्रतिवादीले स्वीकार गरेको देखिन्छ। स्टक बुक भन्दा मौजुदा सामानहरू के कुन कारणले घटिबढी भएको हो भन्ने सम्वन्धमा प्रत्यर्थी प्रतिवादीले वस्तुगत प्रमाण पेश गर्न सकेको छैन । प्रत्यर्थी संजय चोखानी ले स.ज.३ र ४ मा स्थानीय बजारबाट विजक जारी नगरी कतिपय सामानहरू विक्री भएको कुरा स्वीकार गरेका छन् ।

दीर्घराज मैनालीले मिति २०६६।८।७ मा आन्तरिक राजस्व विभाग लाजिम्पाट काठमाण्डौमा बुझाएको अनुसन्धान प्रतिवेदनमा भाटभटेनी डिपार्टमेन्टल स्टोरलाई आ.व.०६४।०५ को आय विवरण पेश गरेको पार्टीवाइज खरिद विवरणमा प्रस्तुत फर्मसंग १,७१,२०,२९१।५० खरिद भएको देखिन्छ । यसरी आ.व.२०६४।०६५ मा भाटभटेनी डिपार्टमेन्टल स्टोरलाई रु. १२,१८,७८६।५२ घटी बिक्री गरेको देखिन्छ। यसबाट स्पष्ट रुपमा खरिद विक्री को तथ्याङ्क नै फरक परेको देखिएको यस अवस्थामा करदाता चोखानी इन्टरप्राइजेजको जिकिर मनासिव भन्न मिलेन ।

बैंक स्टेटमेन्ट अनुसार सेलवेज डिपार्टमेन्टल स्टोरबाट आ.व.२०६३।०६४ मा रु.२२,५०,०००। आ.व.०६४।०६५ मा रु.६७,००,९६५। र आ.व.२०६५।०६६ मा रु १,२५,७२,५१०। भुक्तानी लिएको र पार्टीवाइज बिक्री विवरण अनुसार सेलवेज डिपार्टमेन्टललाई भ्याट सहित बिक्री आ.व.२०६३।०६४ मा १३,०५,५५५।६७, आ.व.०६४।०६५ मा रु.१९,००,४००।०८ देखाइएको छ । उक्त विवरण हेर्दा सेलवेज डिपार्टमेन्टल स्टोरले फर्मलाई विभिन्न अर्थिक वर्षमा दिएको भुक्तानी विवरण र करदाताले पेश गरेको पार्टीवाइन बिक्रि विवरण भिडाई हेर्दा आ.व.०६३।०६४ मा रु.९,४४,४४४।३३ आ.व.०६४।०६५ मा रु.५६,६१,०३९।१८ र आ.व.२०६५।०६६ मा रु.१,०६,७२,१०९।९२ फरक परेको देखियो। डिपार्टमेन्टल स्टोरबाट फर्मले प्राप्त गरेको भुक्तानी भन्दा उक्त फर्मले देखाएको बिक्री घटी रहेको देखियो । यस सम्बन्धमा संजय चोखानीले बिक्री विजक छुट भएको हुन सक्ने र कतिपय बिना बिजकका स्थानीय खरिदबाट उपरोक्तानुसारको बिक्री भएको रकम छुटेको हुन सक्ने भनी स्वीकार गरेको पाइयो । व्यापारिक कारोवार गर्ने पक्षहरू बीच भएको लेनदेन तथा कारोवार अन्यथा प्रमाणित भएका बाहेक व्यवसायीसंग समवन्धित रहेको भनी मान्नु पर्दछ। भुक्तानी लिएकोलाई पेश्की वा सापटी हो भनी संजय चोखानीले जिकिर लिएपनि सो जिकिर ठोस प्रमाणद्वारा पुष्टि भएको देखिदैन । यसबाट मिति २०६६।८।८ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश मिलेकै देखियो ।

अतःमाथि उल्लिखित आधार कारण समेतबाट प्रारम्भिक कर निर्धारण आदेश परिवर्तन गर्नु नपर्ने ठहऱ्याएको आन्तरिक राजस्व विभाग अनुसन्धान शाखाको मिति २०६६।९।१७ को निर्णय सदर गरेको आन्तरिक राजस्व विभागको मिति २०६७।२।४ को निर्णय उल्टी हुने ठहर्‍याएको राजस्व न्यायाधिकरण काठमाण्डौको मिति २०६८।८।२७ को फैसला मिलेको नदेखिंदा उल्टी भई आन्तरिक राजस्व विभाग समेतको निर्णय दिर हुने ठहर्छ। अरु तपसिल बमोजिम गर्नु ।

**तपसिल**

माथि ठहर खण्डमा लेखिए बमोजिम राजस्व न्यायाधिकरण काठमाण्डौंको फैसला उल्टी भई आन्तरिक राजस्व विभाग समेतको फैसला सदर हुने ठहरिएकोले मिति २०६६।८।८ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेशानुसारको कर करदाताबाट असुल गर्नु भनी सुरु कार्यालयमा लेखी पठाउनु.......१

प्रस्तुत मुद्दाको दायरीबाट लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनु...........१

न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृत : प्रेमप्रसाद न्यौपाने

कम्प्युटर टाईप गर्ने : मन्दिरा रानाभाट

इति सम्वत् २०७२ साल माघ ५ गते रोज ३ शुभम्.....................................।

# पाँचौं राष्ट्रिय कर दिवसका सन्दर्भमा आयोजित हाजिरी जवाफ प्रतियोगितामा सोधिएका प्रश्नहरु

१. Himalayan Trading प्रा.लि.ले ८ बर्ष अगाडि रु. ४५ लाखमा खरीद गरेको जग्गा आ.ब. २०७२।७३ मा रु. ७५ लाखमा बिक्री गऱ्यो भने सामान्य अवस्थामा उक्त नाफामा उसले तिर्नुपर्ने आयकर कति हो ?

उत्तर : रु. ७ लाख ५० हजार मात्र

२. मु.अ.कर विवरण बुझाउनुपर्ने दायित्व भएको महिला सुत्केरी भएर तोकिएको समयमा विवरण बुझाउन नसक्ने भएमा कहिलेसम्म विवरण बुझाउनु पर्ने व्यवस्था छ ?

उत्तर : सुत्केरी भएको मितिले ३५ दिनभित्र

३. काठमाडौंस्थित कुनै चामल उद्योगको Corporate Account मा Straigh Line Method बाट कार्यालय उपकरणमा बार्षिक १० प्रतिशतले मात्र ह्रासकट्टी गर्ने प्रावधान छ। उसले २०७२ श्रावणमा रु. १ लाखमा सोफा खरीद गऱ्यो भने आ.ब. २०७२/७३ को उसको Corporate Financial Statement मा कति रकम Defered Tax Liability रहन्छ ?

उत्तर - रु. ३ हजार

४. भारत बाहेक तेस्रो मुलुकबाट ड्राफ्ट/टि.टि. को माध्यमबाट वस्तु आयात गर्दा एक पटकमा बढीमा कति अमेरिकी डलर बराबर सम्मको परिवर्त्य विदेशी मुद्रामा भूक्तानी दिन पाईने व्यवस्था नेपाल राष्ट्र बैंकले गरेको छ ?

उत्तर : ५० हजार अमेरिकी डलर

५. रु. ५० हजार का दरले Book Value बांकि रहेका ५ वटा मोटरसाईकल मध्ये २ वटा मोटरसाईकल रु. ६० हजारका दरले बिक्री भएको खण्डमा आयकर ऐन अनुसार उक्त आर्थिक बर्षमा मूनाफा र लाभमा कति रकम समावेश गर्नु पर्ने हुन्छ ?

उत्तर - मुनाफा र लाभमा रकम समावेस गर्नु पर्दैन।

६. जेष्ठ ३२ गते बिक्री भएको रु. १ लाखको फर्निचरको उक्त आर्थिक बर्षमा ह्रास बापत कति खर्च दावी गर्न पाईन्छ। रकममा उल्लेख गर्नुहोस् ?

उत्तर - पाईंदैन

७. सगरमाथा होटल प्रा.लि.ले कार्तिक २५ गते रु. १ लाख दरका ५ वटा अत्याधुनिक Bed खरिद गरी पौष १५ गते देखि Deluxe Suit संचालन शुरु गरेको रहेछ भने उक्त आर्थिक बर्षमा उक्त प्रा.लि. ले सो बापत कति रकम ह्रास खर्च दावी गर्न सक्नेछ ?

उत्तर - रु. ७५ हजार

८. कुनै व्यवसायको समुह (ख) मा रु. २५ सय र समुह (ग) मा रु. २५ हजार ह्रास आधार बाँकी रहेको रहेछ भने उक्त आर्थिक बर्षमा उक्त व्यवसायको जम्मा ह्रास खर्च कति हुन्छ ?

उत्तर - रु. ७ हजार ५ सय

९. बैंक नोटमा करछुट हुने व्यवस्था मु.अ.कर ऐन, २०५२ को अनुसुची १ को कुन समुहमा उल्लेख रहेको छ ?

उत्तर : समुह ११, अन्य वस्तु तथा सेवाहरु

१०. चालु आ.व.मा वैदेशिक रोजगारीबाट बैंकिङ प्रणाली मार्फत प्राप्त रेमिट्यान्सको कागजात प्रमाणको आधारमा खरिद हुने जग्गाको लिखतमा कति प्रतिशतले छुट हुने व्यवस्था छ ?

उत्तर : रजिष्ट्रेशन दस्तुरमा २५ प्रतिशत

११. कुनै बर्षमा कुनै व्यवसायलाई जग्गा बिक्री बापत रु. ५ लाख खुद नोक्शान भएको रहेछ भने उक्त बर्ष उक्त व्यवसायले व्यवसायको आय गणना गर्ने प्रयोजनका लागि नोक्शान बापत कति रकम खर्च कट्टी दावी गर्न पाउंछ ?

उत्तर - पाउँदैन

१२. xyz कम्पनिले माघ महिनामा कानुनी सेवा शुल्क बापत रु.१ लाख, दैनिक भ्रमण भत्ता बापत रु. ७० हजार र ठेक्का बापत रु. ४० हजार भुक्तान गरेको रहेछ भने उसले फाल्गुण २५ गते भित्र कति रकम अग्रिम कर कट्टी दाखिला गर्नु पर्नेछ ?

उत्तर - रु. १५ हजार

१३. आयकर नियमावली अनुसार अवकासको स्वीकृतीका लागि न्यूनतम कति हिताधिकारी तथा कति चुक्ता पुंजि आवश्यक हुन्छ ?

उत्तर - १ हजार हिताधिकारी, १ करोड चुक्ता पुंजि

१४. आयकर ऐन, २०५८ को दफा ८ को प्रयोजनका लागि चिया, स्टेशनरी, पुरस्कार, बक्सिस भुक्तानी गर्दा कति सम्मको रकमलाई सानातिना खर्चको रुपमा मान्यता दिईएको छ ?

उत्तर - एक पटकमा रु ५ सय

१५. आयकर ऐन, २०५८ बमोजिम बिदेशी सेनाबाट सेवा निवृत भएको सैनिकले प्राप्त गरेको अवकास भुक्तानीमा कति प्रतिशत आयकर छुट दिने व्यवस्था गरिएको छ ?

उत्तर -शत प्रतिशत

१६. अन्तशुल्क ऐन, २०५८ वमोजिम इजाजतपत्र नलिई अन्तशुल्क लाग्ने वस्तु वा सेवा विक्रि वा सञ्चय गरेमा त्यस्तो व्यक्तिलाई कति जरिवाना हुने व्यवस्था छ ?

उत्तर -पाँच हजार देखि पन्ध्र हजार रुपैयासम्म जरिवाना हुने

१७. मू.अ.कर ऐनमा भएको थ्रेसहोल्डको सुविधा अन्तरगत सेवा व्यवसाय गर्ने व्यक्तिले कति रकमसम्मको कारोवारमा उक्त सुविधा प्राप्त गर्न सक्छ ?

उत्तर : रु.२० लाख

१८. १४ औं योजनाको आधारपत्रले सो योजनाको अन्तिम वर्ष २०७५/७६ मा वार्षिक औसत आर्थिक वृद्धिदर कति प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ ?

उत्तर : ७.२

१९. Diplomatic Refund अन्तरगत फिर्ता दावीयोग्य हुन प्रति बिजक न्यूनतम हुनुपर्ने खरीद रकमको सीमा कति रहेको छ ?

उत्तर : एकपटकमा ५ हजार रुपैंया भन्दा वढि

२०. बुढानिलकण्ठ घोषणापत्र अनुसार कुन कुन करदाताले अनिवार्य रुपमा विद्युत्तीय प्रणालीबाट विजक जारी गर्ने व्यवस्थाको कार्यान्वयन गरिने व्यहोरा उल्लेख गरेको छ ?

उत्तर : डिपार्टमेन्टल स्टोर र व्यावसायिक संरचनामा रहेका करदाता

२१. विदेशमा अध्ययन गर्न जाने बिद्यार्थीलाई शिक्षण शुल्क बापत विदेशी मुद्राको सटही सुविधा दिंदा उक्त रकममा कति प्रतिशत शिक्षा सेवा शुल्क लाग्ने व्यवस्था छ ?

उत्तर : एक प्रतिशत

२२. कुनै व्यापारीले एउटा मु.अ.कर दर्तावाल खाद्य स्टोर्सबाट लाखको

धानबाट बनेको रु. १ लाखको भुजा तथा रु. १३ हजारको चिउरा खरीद गऱ्यो भने उसले जम्मा मु.अ.कर कति तिरेको होला ?

उत्तर : तिर्नु पर्दैन

२३ कुनै वाणिज्य बैंकले चलाईरहेको फोटोकपी मेशिनमा कति प्रतिशत ह्रास कट्टी हुन्छ ?

उत्तर : २५ प्रतिशत

२४. एक चाउचाउ उद्योगले आ.ब. २०७२।७३ मा रु. ५ लाख अन्तःशुल्क तिरेर प्याकिंग म्याटेरियल्स खरीद गरी रु. ३ लाखको खपत गरेछ भने कति अन्तःशुल्क क्रेडिट दावी गर्न पाउँछ ?

उत्तर : दावी गर्न पाउँदैन

२५. कुनै कंपनीले आफ्नो बार्षिक साधारण सभामा रु. ५६ हजार ५ सय को खाना र ११ हजार ३ सयको Cold Drinks (दुवै मु.अ.कर सहित) खरीद गरेको रहेछ भने उसले पाउने जम्मा मु.अ.कर कट्टी कति हो ?

उत्तर : रु. ६ हजार ५ सय

२६. अत्याधिक विदेशी मुद्रा भित्रिएको कारण कुनै देशको अर्थतन्त्रमा Negative Consequences देखिन थाल्यो भने अर्थशास्त्रमा उक्त प्रभावलाई अंग्रेजीमा के नाम दिईएको छ ?

उत्तर : Dutch Disease

२७. आयकर ऐन, २०५८ को दफा १०० बमोजिम संशय कर निर्धारण गर्दा सफाईको सबुत पेश गर्न कति दिनको म्याद दिनुपर्ने व्यवस्था छ ?

उत्तर : ७ दिन

२८. आयकरतर्फ कर बक्यौता राख्ने व्यक्तिको कर असुल गर्न विभागले कब्जामा लिएको जग्गा, जमिन वा भवन कब्जामा लिएको मितिले कति दिनभित्र लिलाम वा बिक्री गरिसक्नु पर्छ ?

उत्तर : ३० दिनपछि

२९. कुनै लेखा परीक्षण कंपनीले आफ्नो Client लाई सेवा प्रदान गरे बापत रु. २ लाख र सोको मु.अ.कर रु. २६ हजार सहितको कर बिजक जारी गऱ्यो भने सेवा प्राप्त गर्ने व्यक्तिले उक्त कंपनीलाई जम्मा कति नगद भुक्तानी गर्नु पर्दछ ?

उत्तर : रु.२ लाख २३ हजार

३०. राजा तथा राजपरिवार सदस्यहरुको आयमा कर लगाई असुल उपर गरिनेछ भन्ने व्यवस्था कुन आर्थिक ऐनले खारेज गरेको हो ?

उत्तर : आर्थिक ऐन, २०६५

३१. चालु आ.व.मा जुनसुकै प्रकारबाट एकल महिलाको स्वामित्वमा प्राप्त हुने घर जग्गाको रजिष्ट्रेशन दस्तुरमा कति प्रतिशत छुट हुने व्यवस्था छ ?

३५ प्रतिशत

३२. BIMSTEC को Full Form के हो ?

उत्तर : The Bay of Bengal Initiative for Multisectoral Technical and Economic Co-operation

३३. २५ यु.पी. शक्तिको १ LP लिटरको मदिरामा कति पानी लिटर हुन्छ ?

उत्तर : १.३३ लिटर

३४. पान पराग, गुट्खा, खैनी जस्ता सुर्तिजन्य पदार्थमा कहिले देखी अनविार्य रुपमा अन्तःशुल्क स्टीकर टाँस गर्नु पर्ने व्यवस्था गरियो ? साल र महिना भन्नुहोस् ।

उत्तर : २०७० जेठ

३५. अर्थ मन्त्रालय अन्तर्गत रहेको महाशाखा IECCD को पुरा रुप के हो ?

उत्तर : International Economic Cooperation Cordination Division

३६. मु.अ.कर ऐन, २०५२ को कुन दफाले करको दर तय गरेको छ ?

उत्तर : दफा ७

३७. मु.अ.कर ऐन, २०५२ ले वस्तु वा सेवाको आपूर्ति गर्दा सो को मूल्य बापत प्राप्त हुने कुनै पनि कुरा भनि कुन शब्दलाई परिभाषित गरेको छ ?

उत्तर : प्रतिफल भन्ने शब्द

३८ तपाईंले कुनै मु.अ.कर दर्तावाल Departmental Stores बाट १ किलो चामल रु. १०० मा, एक जोर जुत्ता रु. २००० (मु.अ.कर बाहेक) र १ लिटर जौबाट बनेको वियर रु. ९४ (मु.अ.कर तथा अन्तःशुल्क बाहेक) मा खरीद गर्नुभयो भने तपाईंले उपभोक्ताको रुपमा जम्मा तिर्नुपर्ने रकम कति हुन्छ?

उत्तर - रु. २५८६

३९ मु.अ.कर दर्तावाल Trading Goods मात्र बिक्री गर्ने कुनै व्यवसायको कुनै आर्थिक बर्षमा Net Profit रु. २० लाख छ, P/L A/C तर्फ जम्मा खर्च रु. ५० लाख छ, र Gross Profit to Sales Ratio १० प्रतिशत छ भने सो आ.ब.मा उक्त व्यवसायले बिक्रीमा उठाउने कुल मु.अ.कर कति हो ?

उत्तर - रु. ९१ लाख

४०. कुनै कंपनीले आ.ब. २०७२/७३ को शुरुमा रु. २ करोड बैंकबाट ऋण लिई बर्ष भरी प्रयोग गऱ्यो । सो बापत कंपनीले त्यस आ.ब.मा रु. २२ लाख ब्याज तिऱ्यो । २०७२ पौष मसान्तमा कंपनीले आफ्ना कर्मचारी श्री जगदीश भण्डारीलाई रु. ४० लाख घरायसी कामका लागि सापटी दियो र २०७३ श्रावण १ गते कंपनीले सो रकम फिर्ता पाएको देखिन्छ भने तपाईंले यस कंपनीको प्रस्तुत आ.ब.को करपरीक्षण गर्दा यस बापत न्युनतम कति रकम कंपनीको करयोग्य आयमा समावेश गर्नु हुन्छ ?

उत्तर - रु. २ लाख २० हजार

४१. रामप्रसाद खतिवडा मू.अ.कर मा दर्ता भई कारोबार गरी रहेका दर्तावाल लेखा परीक्षक हुन् । उनले आर्थिक बर्ष २०७२/७३ मा रु. ५६ लाख ५० हजारको गाडि नगदै खरिद गरेका रहेछन् । यस अवस्थामा उनले तयार गर्ने गोश्वरा भौचर तयार गर्नुहोस् ।

Vehicle Purchase A/C Dr .... ५३९०,०००।००

VAT A/C Dr ..... २,६०,०००।००

To Cash A/C ........ ५६,५०,०००।००

४२. व्यापारिक मौज्दातको मात्र कारोबार गर्ने कुनै करदाताको आ.ब. २०७२।७३ मा Return Detail अन्तर्गत बिक्रीमा संकलन गरेको मु.अ.कर रु. ३९ लाख ३९ हजार छ । तर करदाताले उक्त आ.ब.को आश्विन महिनामा रु. २ लाख २६ हजार मु.अ.कर सहितको बिक्री तथा माघ महिनामा रु. ३ लाख ३९ हजार मु.अ.कर सहितको खरीद प्रविष्टि गर्न भुलवश छुटाएको रहेछ भने आयविवरणमा उसको वास्तविक जम्मा बिक्री कति हुनुपर्छ ?

उत्तर : रु. ३ करोड ५ लाख

# पाँचौं राष्ट्रिय कर दिवसका सन्दर्भमा हाजिरी जवाफ प्रतियोगिता सम्पन्न




हाजिरी जवाफ प्रतियोगिताको पहिलो प्रश्न सोधेर शुरुवात गर्नुहुँदै महानिर्देशक श्री चुडामणि शर्मा

पाँचौ राष्ट्रिय कर दिवस २०७३ को अवसरमा आन्तरिक राजस्व विभाग तथा अन्तर्गतका उपत्यकास्थित कार्यालयहरु बीचको हाजिरी जवाफ प्रतियोगिता कार्यक्रम मिति २०७३ कात्तिक २३, २४ र २६ गते सम्पन्न भयो । उपत्यका भित्र रहेका २१ वटा कार्यालयहरुबीच प्रतिस्पर्धात्मक प्रतियोगितामा General Round, Buzzer Round र Rappid fire Round मा प्रश्नहरु सोधिएका थिए भने फाइनल (अन्तिम) चरणमा Mega Buzzer Round समेत समावेश गरिएको थियो । आयकर ऐन, मू.अ.कर ऐन, अन्तःशुल्क ऐन लगायतका आर्थिक मामिलाहरुमा आधारित भएर विभिन्न रोचक, सिर्जनशील, ज्ञानवर्द्धक र समस्या समाधान उन्मुख प्रश्नहरु सोधिएको उक्त कार्यक्रमको आयोजना हाजिरी जवाफ व्यवस्थापन उपसमितिले गरेको थियो । आन्तरिक राजस्व विभागका निर्देशक श्री प्रकाश पौडेलको संयोजकत्वमा गठित उक्त हाजिरी जवाफ व्यवस्थापन उपसमितिका सदस्यहरुमा आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १ का प्रमुख कर अधिकृत श्री सम्झना बराल, आन्तरिक राजस्व विभागका निर्देशकहरु श्री राजकुमार खतिवडा, श्री खेमनारायण रेग्मी, श्री लालप्रसाद पंगेनी, आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. २ का प्रमुख कर अधिकृत श्री कर्ण तिमल्सिना, करदाता सेवा कार्यालय कलंकीका प्रमुख कर अधिकृत श्री कमल राजलबट, करदाता सेवा कार्यालय महाराजगञ्जका प्रमुख कर अधिकृत श्री दीपक पहाडी तथा सदस्य सचिवमा आन्तरिक राजस्व विभागका शाखा अधिकृत श्री उद्धवप्रसाद अधिकारी रहनु भएको थियो । प्रारम्भिक चरणमा ३/३ जनाले २१ वटा टोली बनाइएकोमा ६ वटा टोली मात्र फाइनल चरणमा प्रवेश गर्न सफल भएका थिए । आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १ प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल भएको थियो भने करदाता सेवा कार्यालय न्यूरोड तथा करदाता सेवा कार्यालय पुतलीसडक क्रमशः द्वितीय र तृतीय स्थान प्राप्त गर्न सफल भएका थिए ।

## नेपाल सरकार
## अर्थ मन्त्रालय
## आन्तरिक राजस्व विभागको

### मू.अ.कर विवरण साथ खरिद बिक्रीको विवरण पेश गर्ने सम्बन्धी सूचना

मूल्य अभिबृद्धि करमा दर्ता भई बार्षिक रु. ५ करोड भन्दा बढी कारोवार गर्ने सम्पूर्ण करदाताहरुले २०७३ श्रावण महिना देखिको कर विवरण बुझाउदा अनिवार्य रुपमा रु. १ लाख भन्दा बढीको खरिद बिक्रीको विवरण समेत दाखिला गर्नु हुन मूल्य अभिबृद्धि कर ऐन, (संशोधन सहित) २०५२ को दफा १६ (क) को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**"समृद्ध राष्ट्र निर्माण र फराकिलो कराधार, करदाता मैत्री एवं सुदृढ कर प्रणाली पूर्वाधार"**

प्रकाशक
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

संरक्षक
चुडामणि शर्मा

संयोजन
दीपक अधिकारी

सल्लाहकार
चन्द्रकला पौडेल
धनिराम शर्मा
राजेन्द्रकुमार पौडेल
प्रेमशरण श्रेष्ठ

सम्पादन समूह
देवनारायण पौडेल
शिवलाल तिवारी
विनया पोखरेल
अर्जुनप्रसाद भट्टराई
सूर्य सुर्खाली



कर सम्बन्धी जानकारी टोल फ्रि नम्बर १६६००१४०००० बाट प्राप्त गरौं ।